# प्रेस विज्ञप्ति

माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री ईश्वर पोखरेलले चीनको उहानमा आयोजना हुन गइरहेको 7th CISM Military World Games मा सहभागी हुने नेपाली सेनाको खेलाडीहरुलाई उच्च मनोबलका साथ नेपाल र नेपालीको प्रतिष्ठा उच्च राख्ने गरी सहभागी हुन निर्देशन दिनुभएको छ ।

आज बिहान माननीय उपप्रधानमन्त्री श्री पोखरेलले नेपाली सेनाका खेलाडीहरु बसेको ठाउँ Military Athletes Village भ्रमण गर्नुभई निजहरुसँग भेटघाट तथा संवाद गरी सो निर्देशन दिनुभएको हो । भ्रमणका क्रममा उहाँले नेपालले सहभागिता जनाउन लागेका प्रतियोगिताहरु र त्यसमा नेपालको तयारी बारेमा जानकारी लिनुभयो । त्यसक्रममा खेलाडी तथा प्रशिक्षकहरु समक्ष संक्षिप्त मन्तब्य राख्नु हुदै माननीय उपप्रधानमन्त्रीज्युले औपचारिक रुपमा CISM को सदस्यता प्राप्त गरेपछि नेपालले पहिलोपटक भाग लिन लागेको यस खेलमा सहभागिता हुनको लागि निकै महत्वपूर्ण रहेको कुरा ब्यक्त गर्नुभयो । यस खेलमा सहभागितामार्फत नेपाली सेनाका खेलाडीहरुलाई मित्रराष्ट्रका सैनिक खेलाडीसँग अन्तर्क्रिया गर्ने, चिनजान गर्ने तथा पारस्परिक ज्ञान र सीपको आदानप्रदानबाट क्षमता अभिबृद्धि हुने उहांले बताउनु भयो । सहभागी खेलाडीहरुले प्रस्तुत गर्ने ब्यवहारले नेपाली सेनाको समग्र छबि झल्कने भएकाले त्यस तर्फ सजग रही मुलुक तथा संस्थाको प्रतिष्ठा बढाउन सबै खेलाडीहरुलाई उहांले निर्देशन दिनु भयो । Sportsmanship को हिसाबले खेलमा सहाभागी हुन उत्प्रेरित गर्दै उहांले सबै नेपाली खेलाडीहरुलाई सफलताको लागि हार्दिक शुभकामना ब्यक्त गर्नुभयो ।

कुल १०५ राष्ट्रका १०,५०० भन्दा बढी सैनिक खेलाडी तथा पदाधिकारीहरुले सहभागिता रहेको यस विश्व सैनिक खेल प्रतियोगितामा २५ वटा खेल र २ वटा प्रदर्शनी हुनेछन् । जसमा नेपाली सेनाका खेलाडीहरुले १३ वटा खेल बिधामा सहभागिता जनाउने छन् । उपरथी श्री शशिचन्द्र बहादुर सिंहले नेतृत्व गर्नु भएको नेपाली सैनिक खेलाडी टोलीमा खेलाडी, प्रशिक्षक, चिकित्सक तथा अन्य सम्बद्ध पदाधिकारीहरु गरी जम्मा ६४ जना रहेका छन । यस प्रतियोगितामा सहभागिताबाट नेपालको खेलकुदको विकास, नेपाली सेनाको अन्तर्राष्ट्रिय सम्बन्ध अभिबृद्धि र भविष्यमा नेपालमा यस प्रकारको खेलकूदको आयोजना गर्नसक्ने व्यवस्थापकीय क्षमता अभिबृद्धि गर्न सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

जनबादी गणतन्त्र चीनका रक्षा मन्त्री General WEI Fenghe को निमन्त्रणामा 7th CISM Military World Games को उद्घाटन सत्रमा भाग लिन आउनु भएका माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री पोखरेलले आज सांझ भव्य समारोहका बीच आयोजना हुने उद्घाटन सत्रमा सहभागिता पश्चात बेइजिंगमा आयोजना हुने 9th Xiangshan Forum मा सहभागी हुनुहुनेछ । उक्त फोरममा माननीय उपप्रधानमन्त्रीज्युले नेपाल लगायतका साना मुलुकका सुरक्षा सरोकारका विषयमा अन्तर्राष्ट्रिय प्रतिनिधिहरु बीच नेपालको धारणा राख्ने कार्यक्रम रहेको छ ।

मितिः २०७६/०७/०१

२०७६।७।१

(सन्त बहादुर सुनार)

सहसचिव

रक्षा मन्त्रालय